मितिः- २०७९/११/२

**प.सं. २०७९/०८०**
**च.नं. ६६**

**सम्माननीय प्रधानमन्त्रीज्यू,**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,**
**सिंहदरवार, काठमाडौं ।**

**विषय :- संघीय निजामती सेवा ऐनमा संगठनको सुझाव ।**

निजामती सेवालाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै क्षतिपूर्ति सहितको नागरिक सेवा प्रदान गर्ने उद्देश्य सहित संघीय निजामती सेवा, प्रदेश निजामती सेवा ऐन र स्थानीय निजामती सेवा ऐन जारी गर्दा निजामती कर्मचारीहरुको सेवा, शर्त, सुविधा, वृत्ति विकास र सामाजिक सुरक्षा, सेवा प्रवाहमा सुधार गर्दै सुशासनको आधार निर्माण गर्ने, विकास र समृद्धिको राष्ट्रिय आकांक्षा पूरा गर्ने र समायोजनका माध्यमबाट प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई सम्बोधन हुने गरी ऐन जारी गर्न नेपाल सरकार समक्ष संगठनको तर्फबाट पेश गरिएका सुझावहरु देहाय बमोजिमको छ । उक्त सुझाव प्राथमिकताका साथ समावेश गरी दिनु हुन अनुरोध गर्दछौं ।

**निजामती कर्मचारीहरुको सेवा, शर्त, सुविधा, वृत्ति विकास र सामाजिक सुरक्षा तर्फ :**

**१. परिभाषाः**

**क) निजामती कर्मचारीः** "निजामती कर्मचारी" भन्नाले संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै सेवा समूह र तहका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

**ख) ट्रेड युनियनः** "ट्रेड युनियन" भन्नाले मान्यता प्राप्त राष्ट्रियस्तरका ट्रेड यूनियनहरुलाई जनाउँदछ र सो शब्दले निजामती कर्मचारीको आधिकारिक ट्रेड यूनियनलाई समेतलाई सम्झनु पर्दछ ।

**२. श्रेणी वा तहः**

प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरु तहगत प्रणालीमा रहेको तर संघमा कार्यरत कर्मचारीहरु मध्ये स्वास्थ्य सेवाका कर्मचारीहरु तहगत प्रणालीमा र अन्य सेवाका कर्मचारीहरु श्रेणीगत प्रणालीमा रहेको हुँदा सबै सेवा समूह तथा संघ प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरुमा एक रुपता कायम गर्न सबै तहका सेवालाई तहगत प्रणालीमा रुपान्तरण गर्नुपर्ने ।

**३. पदपूर्ति :**

चौथो तह वा चौथो तहको पदपूर्ति नहुने पदमा पाँचौं तहको वा सो सरहको पदलाई मुख्य प्रवेश विन्दु मान्नु पर्नेछ । सातौं तहको पदलाई सहायक प्रवेश विन्दु र एघारौं तहलाई छड्के प्रवेश बिन्दु मानी सोही मापदण्डको आधारमा पदपूर्ति हुने गरी समेटनु पर्ने ।

| सि.नं. | तह | खुल्ला | आन्तरिक प्रतियोगिता | कार्यसम्पादन तथा जेष्ठता | कार्यक्षमता | अन्तर तह सेवा प्रतिस्पर्धा | प्रवेश विन्दु |
|---|---|---|---|---|---|---|---|
| १ | चौथो वा | ७० | २० | १० | - | - | मुख्य प्रवेश विन्दु |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पाँचौं | | | | | | |
| २ | छैठौं | पाँचौं तहमा पाँच वर्ष पुरा भएका कर्मचारीको तह वृद्धि हुने | | | | | |
| ३ | सातौं | ५० | १० | २० | १० | १० | सहायक प्रवेश विन्दु |
| ४ | आठौं | सातौं तहमा पाँच वर्ष पुरा भएका कर्मचारीको तह वृद्धि हुने | | | | | |
| ५ | नवौं | - | २० | ५० | २० | १० | |
| ६ | दशौं | नवौ तहमा पाँच वर्ष पुरा भएका कर्मचारीको तह वृद्धि हुने | | | | | |
| ७ | एघारौ | १० | २० | ४० | ३० | - | छड्के प्रवेश विन्दु |
| ८ | बाहौं | | | १०० प्रतिशत | | | |

- **५ वर्ष सेवा अवधि पूरा भएपछि एक तह अनिवार्य बृद्धि गर्नुपर्ने ।**

  क) अस्थायी, ज्यालादारी र करार सेवामा कार्यरत रहेका र तोकिएको शैक्षिक योग्यता पुगेका कर्मचारीहरुलाई एक पटकका लागि उमेरको हद नलाग्ने गरी लोक सेवा आयोगको सिमित प्रतियोगिताको माध्यमबाट स्थायी गरियोस् उक्त प्रक्रियामा स्थायी हुन नसकेका कर्मचारीहरुलाई निश्चित सेवा सुविधा प्रदान गरी अवकाशको व्यवस्था गरियोस् ।

  ख) संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानिय तहमा कार्यरत कर्मचारीहरुलाई संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवाका पदहरुको परिक्षामा सहभागी हुन उमेरको हद लाग्ने छैन् ।

  ग) अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा कर्मचारी समायोजन सम्बन्धी प्रचलित कानुन बमोजिम सरकारी सेवा र अन्य सेवाबाट प्रदेश र स्थानीय तहमा समायोजन भई वा प्रदेश लोक सेवाद्वारा सिफारिस भई प्रदेश निजामती सेवा वा स्थानिय सेवामा कार्यरत पाँच वर्ष सेवा अवधि पुगेका कर्मचारीहरुले उम्मेदवार हुन पाउनेछन् ।

  घ) वहालवाला कर्मचारीको हकमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्तिका लागि उमेरको हद लाग्ने छैन् ।

४. **सरुवा :** सरुवा स्वःचालित, वैज्ञानिक, चक्रीय र पूर्वानुमान योग्य हुनुपर्ने । जसका लागि देहायका व्यवस्था हुनुपर्ने ।

1. हिमाल, पहाड, तराईमा रहेका विकास बजेट र जनसम्पर्कका कार्यालयहरुको आधारमा वर्गिकरण गरी हिमाल पहाड र तराईका कार्यालयको तह मिलान गरी चक्रीय र पूर्वानुमान योग्य हुनुपर्ने ।
2. समायोजनबाट संघ, प्रदेश वा स्थानीय तहमा समायोजन भएका निजामती सेवाका कर्मचारीहरुले निश्चित अवधि काम गरेपछि सबै तहमा सरुवा हुन पाउने व्यवस्था राख्ने ।
3. प्रदेश निजामती सेवाका कर्मचारी र स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको प्रदेश भित्रका प्रदेश र स्थानीय तहमा सम्बन्धित प्रदेशको मुख्यमन्त्री कार्यालयले सरुवा गर्न सक्ने र अन्तर प्रदेश र अन्तर प्रदेश स्थानिय तहमा सरुवा गर्नु पर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्ने ।
4. पति/पत्नि दुवै निजामती सेवामा रहेको भए दुवैलाई पायक पर्ने गरी सरुवा व्यस्थापन गर्नुपर्ने ।
5. कार्य सम्पादन सम्झौता अवधिभर सरुवा गर्न नपाईने व्यवस्था गर्नुपर्ने ।

6. कुनै निकायमा कार्यरत कर्मचारीको एक सरुवा अवधि पछिको अर्को कार्यालयको पूर्व जानकारी हुने गरी कार्यालय निर्धारण हुनुपर्ने ।

**५. बढुवा :**

1. सबै सेवा समूहका कर्मचारीहरुको समान समयमा बढुवा हुने गरी दरबन्दी संरचना निर्माण हुनुपर्ने ।
2. समायोजनको माध्यमबाट प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुले समायोजन भएको निकायमा बढुवा नपाएसम्म संघीय निजामती सेवामा बढुवाको लागि उम्मेदवार हुन पाउने ।
3. "क" वा "ख" वर्गको भौगोलिक क्षेत्रमा कम्तीमा १ वर्ष र अन्य भौगोलिक क्षेत्रमा १ वर्ष ६ महिना सेवा गरे पश्चात मात्र बढुवाको उम्मेदवार हुन पाउने ।
4. कार्य सम्पादन सम्झौतामा अति उत्तम, उत्तम र सन्तोषजनक अंक प्राप्त गरेको कर्मचारी मात्र बढुवा तथा आन्तरिक प्रतियोगिताद्वारा हुने पदपूर्तिको सम्भाव्य उम्मेदवार हुन सक्ने ।
5. आठ कक्षा उर्तिण भएका र वीस वर्ष सेवा अवधि पूरा गरेका श्रेणी विहिन कर्मचारीको सम्वन्धित सेवा समुहको चौथो तहमा बढुवा गर्ने ।
6. सेवा अवधिभर कम्तिमा पाँच तहमा अनिवार्य बढुवा हुने व्यवस्था सुनिश्चित गर्नुपर्ने ।
7. सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यतालाई बढुवाको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता मान्य हुने व्यवस्था कायम गर्नुपर्ने ।
8. एउटै पदमा निरन्तर १२ वर्ष सेवा अवधि पूरा गरेका र तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेका कर्मचारीहरुको बढुवा हुने व्यवस्था सुनिश्चित गर्ने ।
9. दुर्गम स्थानमा लामो समय काम गरेर बढुवाका लागि योग्य रहेको अवस्थामा लोक सेवा आयोगको विज्ञापन हुनु भन्दा केहि समय अघि सरुवा गरी जाने र लामो समय उक्त स्थानमा काम गरेका कर्मचारीहरु वढुवा नहुने प्रवृतिको अन्त्य गर्न कम्तीमा सो भुगोलमा १ वर्ष रुजु हाजिरी भएको व्यक्तिमात्र उम्मेदवार हुन पाउने व्यवस्था गर्ने ।

**६. संगठन संरचना:**

कार्य प्रकृति, कार्यबोझ तथा कार्य विशिष्टीकरणका आधारमा तीनै तहमा मौजुदा संगठनको पुर्नसंरचना गर्नुपर्ने साथै संगठन व्यवस्थापन सर्वेक्षण नगरी सिर्जना गरिएका दरवन्दी तथा पदहरु राष्ट्रिय किताबखानामा दर्ता नहुने व्यवस्था गरिनुपर्ने ।

**७. कार्य सम्पादन सम्झौता:**

1. सबै कर्मचारीहरुले आफुले सम्पादन गर्नुपर्ने कामको कार्य सम्पादन सम्झौता गरेर मात्र काम गर्नुपर्ने ।
2. कार्यालय, विभाग, र मन्त्रालय वा सो सरहका निकायमा कार्यरत कर्मचारीले कार्यालय प्रमुख, विभागीय प्रमुख वा सचिवसँग कार्य सम्पादन सम्झौता गर्नुपर्ने । कार्यालय प्रमुखले विभागीय प्रमुखसँग, विभागीय प्रमुखले मन्त्रालयको सचिवसँग र मन्त्रालयका सचिवले सम्बन्धित मन्त्री वा सम्बन्धित निकायका प्रमुखसँग गर्नुपर्ने ।
3. कार्य सम्पादन सम्झौताको प्रगतीको अंक नै कार्य सम्पादन मूल्याङ्कनको अंक हुने ।
4. मन्त्रालयको सचिवको कार्य सम्पादन मूल्याङ्कन समग्र मन्त्रालय र माताहत निकायको प्रगतिको औसतले हुन आउने प्रगतिलाई आधार मान्नु पर्ने ।
5. विभागीय प्रमुखको कार्य सम्पादन मूल्याङ्कन समग्र विभाग र माताहत निकायको प्रगतिको औसतले हुन आउने प्रगतिलाई आधार मान्नु पर्ने ।
6. कार्यालय प्रमुखको कार्य सम्पादन मूल्याङ्कन समग्र कार्यालयको र माताहत कर्मचारीको प्रगतिको औसतले हुन आउने प्रगतिलाई आधार मान्नु पर्ने ।
7. कार्य सम्पादन मूल्याङ्कन हुँदा ९० प्रतिशत वा सो भन्दा बढि अंक अति उत्तम, ८० देखि ९० प्रतिशत उत्तम ६० देखि ८० सन्तोषजनक र ६० प्रतिशत भन्दा कम अंक प्राप्त भएमा सुधार गर्नुपर्ने सूचिमा

सूचिकृत गरी अति उत्तम वा उत्तम अंक प्राप्त गर्ने कर्मचारीलाई मन्त्रालय, विभाग, कार्यालय वा आयोजनाका नेतृत्व प्रदान गर्ने ।

**८. भौगोलिक क्षेत्रको विभाजनः**

सावकिको भौगोलिक क्षेत्रको पुनः वर्गिकरण गर्दै स्थानीय तहका आधारमा भौगोलिक क्षेत्रको अंक निर्धारण गरी भौगोलिक क्षेत्रको अंक २० पुऱ्याउने र भौगोलिक क्षेत्रको विभाजन निम्नानुसार हुने प्रदान गर्नुपर्ने ।

१) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अंक ४ का दरले,
२) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अंक ३.२५ का दरले,
३) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अंक २.७५ का दरले,
४) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि अंक १.५ का दरले ।

**९. सामाजिक सुरक्षा :**

1. निवृत्तिभरण गणना गर्दा खाईपाई आएको तलवको गुणान सेवा वर्ष भागा ४० कायम गर्नुपर्ने ।
2. असाध्यरोगको परिभाषालाई स्वास्थ्य मन्त्रालयको परिभाषा भित्रकोलाई समेटी निजामती कर्मचारीका परिवार र निवृत कर्मचारीलाई समेट्नु पर्ने, त्यस्तो रोग लागी नेपाल सरकारद्धारा गठित मेडिकल बोर्ड बाट सिफारिस भएमा त्यस्तो कर्मचारी र निजको परिवारलाई एकमुष्ट रुपमा दश लाख रुपैया उपलब्ध गराउनु पर्ने ।
3. करार सेवाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्धता गराउनु पर्ने ।
4. प्रदेश तथा स्थानीय निकायमा कार्यरत कर्मचारीहरुको आधारभूत तलवमान संघीय सरकारका कर्मचारीहरुको भन्दा कम हुन नहुने ।
5. कुनै निजामती कर्मचारी सेवामा छँदै मृत्यु भएमा त्यस्तो निजामती कर्मचारीको परिवारलाई एकमुष्ट रुपमा दश लाख बिशेष आर्थिक सुविधा उपलब्ध गराउनु पर्ने ।
6. निवृत्तिभरण पाउने गरी नियुक्ति भएको कर्मचारी सरकारी काम काजको सिलसिलामा २० बर्ष सेवा अवधि नपुग्दै मृत्यु भएमा वा सो कारणबाट सेवा गर्न असमर्थ भएमा त्यस्तो कर्मचारीलाई २० बर्ष पुग्न जति अवधि बाँकी छ सो अबधि थप गरी निवृत्तिभरणको व्यवस्था गर्नुपर्ने ।
7. कुनै निजामती कर्मचारीको मातापिताको मृत्यु भएमा किरिया विदाका साथै एकमुष्ट रुपमा पचास हजार रुपैंया क्रिया खर्च उपलब्ध गराउनु पर्ने ।
8. तीनै तहमा कार्यरत सबै सेवाका कर्मचारीहरुलाई निजामती अस्पतालबाट उपचार सुविधा उपलब्ध गराउनु पर्ने साथै निजामती अस्पतालको सुविधा सबै जिल्लामा विस्तार गर्नुपर्ने ।
9. निजामती कर्मचारीका बढिमा 2 जना सन्ततीलाई जुनसुकै विषयमा स्नातक तहसम्म अध्ययनको लागि सन्तती छात्रवृत्ति उपलब्ध गराउनु पर्ने ।
10. कर्मचारीलाई जग्गा खरिद, घर निर्माण र सवारी साधन खरिदका लागी न्यूनतम ब्याज दरमा सरल कर्जा उपलब्ध गराउने व्यबस्था गर्नुपर्ने ।
11. निजामती कर्मचारीलाई हरेक बर्ष एक महिनाको तलब बरावरको रकम सहित कम्तीमा पन्ध्र दिन पर्यटन काजको व्यवस्था गर्नुपर्ने ।
12. सावधिक जीवन विमाको अंकलाई बढाएर न्यूनतम ५ लाख रुपैंया पुऱ्याउनु पर्ने ।

**१०. सेवा सुविधा :**

1. कर्मचारीले खाईपाई आएको तलब, भत्ता, चाडपर्व खर्च, उपचार खर्च, विमा, बिदा लगायतका प्रावधान कायम राख्दै महंगीको आधारमा स्वत तलव बृद्धि हुने प्रावधान समावेश गरिनु पर्ने । यातायातको साधन नपाउने कर्मचारीलाई परिवहन खर्च, आवसको सुविधा नपाउने कर्मचारीलाई घरभाडा उपलब्ध गराउने व्यवस्था गरिनु पर्ने ।
2. उपदानको अंकमा बृद्धि गरी ५ वर्ष देखि १० वर्षसम्म सेवा गरेमा काम गरेको प्रत्येक वर्षको निमित्त 1 महिनाको तलब 10 वर्ष देखि १५ वर्ष सेवा पुरा भएपछि २ महिनाको तलब र 15 वर्ष भन्दा वढी र २० वर्ष भन्दा कम पूरा भएपछि 3 महिनाको तलव बराबरको उपदान उपलब्ध गराउने ।
3. १८० दिन भन्दा बढी घरविदा संचित हुने व्यवस्था वा १८० दिन भन्दा वढी संचित घर विदाको रकम सोहि आर्थिक वर्षको अन्त्यमा भुक्तानी गरिनु पर्ने ।
4. राजपत्रांकित तृतिय श्रेणी वा सो भन्दा माथिका कर्मचारीका लागि २० महिना, राजपत्र अनंकित प्रथम श्रेणी वा सो सरहका कर्मचारीको हकमा २५ महिना र राजपत्र अनंकित द्वितिय वा सो भन्दा मुनिको कर्मचारीको हकमा ३० महिना वरावरको औषधि उपचार खर्च उपलब्ध गराउने ।
5. कर्मचारीले पाउने ग्रेड संख्याको सीमा हटाई काम गरेको वर्षको आधारमा हरेक वर्ष ग्रेड संख्या थप गर्ने व्यवस्था गरिनु पर्ने ।
6. सेवा निवृत्त कर्मचारीहरुको मृत्यु भएमा निजको पति वा पत्नीलाई दिइदै आएको पारिवारिक निवृत्तिभरण बापतको रकम आजीवन रुपमा पूरै दिने व्यवस्था गरिनु पर्ने ।
7. कुनै निजामती कर्मचारीले यस अघिको सेवामा अविछिन्न रुपमा स्थायी वा विकासतर्फको स्थायी सेवा गरी निजामती सेवाको पदमा पुनः स्थायी नियुक्ति पाएका कर्मचारीहरुको सेवा अवधि उपदान/निवृत्तिभरण प्रयोजनका लागि गणना गर्ने व्यवस्था गरिनु पर्ने ।

**११. प्रतिनिधित्व :**

क) निजामती अस्पताल, कर्मचारी सञ्चय कोष, योगदानमा आधारित निवृत्तिभरण कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोष लगायतका निजामती कर्मचारीहरुको योगदान हुने संस्थाहरुमा आधिकारिक ट्रेड यूनियनको अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था संघीय निजामती सेवा ऐनमा सुनिश्चितता गरिनु पर्ने।

ख) हालको ऐनमा व्यवस्था भएको तलव भत्ता पुनरावलोकन समिति, तालिम अध्ययन, अध्ययन भ्रमणको लागि मनोनयन समितिमा आधिकारिक ट्रेड युनियनको प्रतिनिधित्व हुने व्यवस्था कायम गरिनु पर्ने ।

**१२. कर्मचारी कल्याण कोष :**

निजामती कर्मचारी र निजको परिवारको हितका लागि एक कर्मचारी कल्याण कोष व्यवस्था गरिनु पर्ने।

**१३. अनिवार्य अवकास :**

निजामती कर्मचारीको अनिवार्य अवकास ६० वर्ष कायम गर्ने ।

**१४. प्रदेशको प्रमुख सचिव र प्रदेश सचिव :**

प्रदेशको प्रमुख सचिव र प्रदेश सचिवको पद संघीय निजामती सेवाको पद हुनेछ । त्यस्तो पदमा नेपाल सरकारले राजपत्रांकित विशिष्ठ श्रेणीका पदाधिकारीलाई कनिष्ठका आधारमा प्रमुख सचिव र राजपत्रांकित प्रथम श्रेणीका पदाधिकारीलाई कम्तीमा १ वर्षका लागि ज्येष्ठता र कार्यक्षमताका आधारमा खटाउने व्यवस्था गर्ने ।

**१५. अध्ययन, भ्रमण र तालिम :**

१) नेपाल सरकारबाट मनोनयन हुने बैदेशिक अध्ययन, भ्रमण र तालिमका लागि खटाउदा सबै सेवा समूह र पदका लागि समानुपातिक रुपमा बाँडफाँट गर्ने व्यवस्था गरिनु पर्ने ।

२) कुनै पनि निजामती कर्मचारीलाई सेवा प्रवेश सगै अनिवार्य तालिमको व्यवस्था गरिनु पर्ने ।
३) निजामती कर्मचारीका लागि स्वदेश वा विदेशमा छात्रवृत्ति प्राप्त गरी उच्च शिक्षा अध्ययनका लागि पाउने अवसरलाई सबै सेवा समूह र पदका कर्मचारीले पाउने व्यवस्था गरिनु पर्ने ।

**१६. आरक्षण :**

निजामती सेवाको कुनै पनि पदमा एक व्यक्तिलाई एक पटकका लागि मात्र आरक्षणको व्यवस्था गर्ने ।

**१७. ट्रेड यूनियन :**

1. **"जहाँ सरकार त्यहाँ ट्रेड यूनियन"** भन्ने मान्यता लाई स्थापित गर्न निजामती सेवा ऐन, 2049 र स्वास्थ्य सेवा ऐन, 2053 मा भएको राष्ट्रिय स्तरका ट्रेड यूनियन तथा आधिकारिक ट्रेड यूनियनको व्यवस्था तीनै तहमा कायम हुने गरी सुनिश्चितता गर्नुपर्ने ।
2. सम्बन्धित प्रदेश र स्थानीय तहमा मात्र ट्रेड यूनियन अभ्यास हुने गरी दर्ता भएको अवस्थामा बाहेक नेपाल सरकारले संघमा दर्ता रहेको राष्ट्रिय स्तरका ट्रेड युनियनहरु बीच गराएको निर्वाचनमा राष्ट्रिय स्तरको ट्रेड यूनियनको मान्यता प्राप्त ट्रेड यूनियनले प्रदेश तथा स्थानीय तहमा ट्रेड यूनियन अभ्यास गर्न पाउने व्यवस्था राख्नु पर्ने ।
3. कार्यालय प्रमुख बाहेक उपसचिव वा सो सरह सम्मका निजामती कर्मचारीलाई ट्रेड युनियन अधिकार प्रदान गर्नुपर्ने ।

**१८. कायम मुकायम र निमित्त :**

विभागीय प्रमुख वा कार्यालय प्रमुखको पदरिक्त भएमा वा त्यस्तो पदमा वहालवाला कर्मचारी १५ दिन भन्दा बढी समयसम्म विदामा वसेमा वा प्रचलित कानुन वमोजिम निलम्बनमा रहेमा सो पदमा तत्काल काम चलाउनका लागि समानस्तरको भए ज्येष्ठ कर्मचारीले विभागीय प्रमुख वा कार्यालय प्रमुखको हैसियतले कामकाज गर्ने र एक श्रेणी मुनिको भए ज्येष्ठ कर्मचारीलाई बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्ने व्यवस्था गर्नुपर्ने ।

**१९. विविधः**

1. निजामती सेवामा कार्यरत महिला कर्मचारीहरुलाई मासिक श्रावको अवधिमा महिनामा ३ दिन विदा दिने व्यवस्था गर्नुपर्ने ।
2. कुनै कर्मचारी सरकारी कामको सिलसिलामा निलम्बनमा परि पछि छानविनबाट सफाई पाएमा निलम्बर अवधि, लागेको अभियोग समेतका आधारमा क्षतिपूर्तिको व्यवस्था गरिनु पर्ने ।
3. कुनै महिला कर्मचारी स्थायी नियुक्त हुनु पूर्व सुत्केरी अवस्थामा रहेको भएमा नियुक्त पश्चात नियमानुसार प्रसुती विदा उपलब्ध गराउने ।
4. सेवानिवृत्त सरकारी कर्मचारीहरु २ वर्ष नभई नेपाल सरकारको नियुक्ति बाहेक अन्य गैरसरकारी संस्थाहरुमा प्रतिनिधित्व गर्न वा नोकरी गर्न नहुने व्यवस्था गरिनु पर्ने ।
5. कुनै कर्मचारी निवृत्त हुँदा निजले पाउने रकममा कुनै प्रकारको कर नलाग्ने व्यवस्था गरिनु पर्ने ।
6. तलब भत्ता पुनरावलोकन गर्दा नेपाल राष्ट्र बैंक तथा नेपाल सरकारको स्वामित्वमा रहेका अन्य निकायको तलव भत्ता समेतलाई आधार वनाउनु पर्ने ।
7. स्वास्थ्य सेवालाई निजामती सेवामा समावेश गरी आधिकारिक ट्रेड यूनियनको निर्वाचनमा सहभागी हुन पाँउने व्यवस्था गर्नुपर्ने ।
8. स्वास्थ्यमा काम गर्ने कर्मचारीहरुलाई अतिरिक्त काम गरेको भत्ता र कामको प्रकृति अनुसार २५ प्रतिशतसम्म जोखिम भत्ता ऐनमा नै व्यवस्था हुनुपर्ने ।
9. स्वास्थ्य सेवा ऐनमा व्यवस्था भएको बढुवा सम्बन्धी योग्यताको आधार यथावत कायम राख्ने ।
10. विषादी, ल्याव, पोखरी, पशु उपचार जस्ता जोखिमयुक्त काममा कार्यरत कर्मचारी र फिल्डमा कार्यरत रहि सेवा दिने कर्मचारीलाई जोखिम तथा फिल्ड भत्ता र सुरक्षाको प्रत्याभूति हुनुपर्ने ।

11. निजामती कर्मचारीहरुले सञ्चालन गरेका सहकारीहरुको सदस्य वन्न र प्रतिनिधित्व गर्न बाधा पर्ने छैन भन्ने व्यवस्था हुनुपर्ने ।
12. निजामती कर्मचारीहरुले निर्वाचनको वखत निर्वाचनमा खटिएकै स्थानबाट मतदान गर्न पाउने व्यवस्थााको सुनिश्चितता गर्ने ।
13. राजपत्र अनंकित कर्मचारी कम्तिमा १० वर्ष सेवा अवधि पूरा गरेको र स्नाकोत्तरको उपाधि हासिल गरेको कर्मचारी रा.प. प्रथम र द्वितिय श्रेणीको खुल्ला पदमा उम्मेदवार हुन पाँउने व्यवस्था हुनुपर्ने ।
14. नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा तथा नेपाल लेखापरीक्षण सेवाको पदमा अन्तरसेवा प्रतिस्पर्धाको पद संख्या ज्येष्ठता र कार्यसम्पादन मूल्यांकनद्वारा पदपूर्ति हुने पदमा समावेश गर्ने व्यवस्था हुनुपर्ने ।
15. सशस्त्र वनरक्षक संघीय सरकार मातहत रहेको, वन अपराधसँग सम्वन्धी मुद्दाहरु फौजदारी अभियोग हुने र सो को अनुसन्धान तथा अभियोजन संघीय सरकारलाई हुने वन क्षेत्र एउटा प्रदेशमा पर्ने तर उपभोक्ता अर्को प्रदेशमा पर्ने व्यवहारिक जटिलता रहेको, अन्तर्राष्ट्रिय सन्धी सम्झौतामा अनुवन्ध भएका प्रतिवद्धता कार्यान्वयन गर्ने जिम्मेवारी रहेको, वन क्षेत्रको जग्गा अन्य प्रयोजनलाई उपलब्ध गराउने अधिकार संघीय सरकारमा रहेको, वन सम्बन्धी मुद्दाको अनुसन्धान र दायरीको वारेमा कार्यान्वयन गर्ने जिम्मा वन तथा वातावरण मन्त्रालयको, अनुगमन गर्ने जिम्मा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा रहेको जस्ता जटिल कार्यहरुको व्यवस्थापन गर्न डिभिजन वन कार्यालय संलग्न हुनुपर्ने भएको हुँदा डिभिजन वन प्रमुखको पद संघीय सरकारको हुनुपर्ने ।
16. श्रेणी विहिन वा रा.प.अन. पाँचौं श्रेणीमा कार्यरत नेपाल इन्जिनियरिङ सेवा अर्न्तगत हलुका सवारी चालक र हेभी सवारी चालकलाई सेवा अवधि २० वर्ष पूरा गरेको ८ कक्षा उर्तिण गरेको र कार्यसम्पादन मूल्यांकनमा ९५ प्रतिशत अंक प्राप्त गरेका कर्मचारीलाई सो समूहको रा.प.अन.द्वितिय श्रेणीमा स्वःत बढुवा गरिनु पर्ने ।
17. श्रेणी विहिन पदमा वा रा.प.अन.पाँचौं श्रेणीमा कार्यरत कार्यालय सहयोगी कर्मचारीको सेवा अवधि २० वर्ष पूरा भएको र रा.प.अन.द्वितिय श्रेणीको सेवा प्रवेशको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता पूरा गरेको र कार्य सम्पादन मुल्याङ्कनमा ९५ प्रतिशत वा सो भन्दा वढी अंक प्राप्त गरेका कर्मचारीलाई रा.प.अन.द्वितिय श्रेणी (खरिदार) पदमा स्वःत बढुवा गर्नुपर्ने ।
18. कुनै कर्मचारी निलम्बन भई निलम्बन फुकुवा हुँदा निजले पाउने तलव, भत्ता लगायतको सुविधामा चालु आ.व.को आय मानी लाग्दै आएको कर छुट गर्ने व्यवस्था गर्नुपर्ने ।
19. कर्मचारीको तलव भत्ताबाट २० प्रतिशत संचयकोष कट्टा गरी सो रकममा सरकारको तर्फबाट शतप्रतिशत थप गर्ने व्यवस्था गर्नुपर्ने ।
20. श्रेणीबाट तह मिलान गर्दा हालको पदमा नोकरी अवधि १० वर्ष वा सो भन्दा वढि पूरा भएका कर्मचारीलाई २ तह स्तरवृद्धि गर्ने व्यवस्था गर्नुपर्ने ।
21. निजामती सेवाको विभिन्न पदहरुको व्यवस्थापन सर्भेक्षण गर्ने क्रममा सम्वन्धित सेवाका पदहरु तथा विविध सेवाका पद नरहि फाजिल परेका कर्मचारीलाई निजको शैक्षिक योग्यता र तोकिए बमोजिमको सेवा अवधि पूरा भएका कर्मचारीलाई निजको इच्छा अनुसार प्रदेश र स्थानीय तहको मिल्दो सेवाको पदमा व्यवस्थापन गर्नुपर्ने ।
22. बहालवाला र सेवानिवृत्त निजामती कर्मचारीलाई न्यूनतम क्यालोरी तोकि सो अनुसारको रासन सहुलियत दरमा उपलब्ध गराउन **"निजामती कर्मचारी रासन कार्ड"**को व्यवस्था हुनुपर्ने ।

जीवन काफ्ले
महासचिव

लेखनाथ कोईराला
अध्यक्ष